मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ २२ गते बिहीबार ❑ 5 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## स्रोतको अभावले निर्वाचनमा कुनै अवरोध सिर्जना हुँदैन : अर्थमन्त्री खनाल

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ माघ



अर्थमन्त्री रामेश्वर खनालले स्रोतको अभावबाट निर्वाचनमा कुनै अवरोध सिर्जना नहुने स्पष्ट पार्नुभएको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि सरकारले आर्थिक स्रोतको व्यवस्था मिलाएकाले निर्धक्क भएर चुनावको तयारीलाई निरन्तरता दिन निर्देशन दिनुभयो ।

बुधबार बेनीमा आउनुभएका खनालले सुरक्षा निकाय, मुख्य निर्वाचन अधिकृत र निर्वाचन कार्यालयका अधिकारीहरूसँग निर्वाचनको तयारी र जिल्लाको वस्तु अवस्थाका विषयमा जानकारी लिनुभयो । "नयाँ पुराना सबै राजनीतिक दलहरूले सौहार्द र शान्तिपूर्ण तरिकाले चुनावमा भाग लिने वातावरण बनाएर सफल बनाउने सरकारको अहिलेको प्रमुख दायित्व हो", अर्थमन्त्री खनालले भन्नुभयो, "स्रोतको अभावले निर्वाचनमा कुनै अवरोध हुँदैन भन्ने विश्वास दिलाउँछु ।" उहाँले मिथ्या र भ्रामक सूचना प्रवाह रोक्नका लागि संवेदनशील बन्न आग्रह गर्नुभयो । भ्रामक, मिथ्या सूचना र भदौ २४ गते लुटिएका हातहतियारलाई सरकारले चुनावका लागि चुनौतीका रूपमा लिएर त्यसको सामना गर्ने रणनीति बनाएको बताउनुभयो । मौसमका कारणले फागुन २१ गते कुनै स्थानमा मतदानमा समस्या आएमा त्यसको निर्णय निर्वाचन आयोगले तत्कालै लिने बताउँदै मन्त्री खनालले चुनावको मितिमा सरकारले सम्झौता नगर्ने स्पष्ट पार्नुभयो । मन्त्री खनाललाई मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापा, प्रमुख जिल्ला अधिकारी रविन्द्र आचार्यलगायत सुरक्षा अधिकारीसँग चुनावको तयारीका विषयमा जानकारी लिनुभयो । हालसम्म शान्ति र सौहार्दपूर्ण रूपमा चुनावको तयारी अघि बढेको उहाँहरूले जानकारी दिनुभयो ।

जिल्ला निर्वाचन अधिकारी विमलप्रसाद गौतमले अस्थायी मतदाता र चुनावमा खटिने कर्मचारीको नामावली सङ्कलन भइसकेको जानकारी दिनुभयो । छ वटा स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीमा प्रतिनिधिसभामा एक वटा निर्वाचन क्षेत्र रहेको छ ।

म्याग्दीमा ११ जना दल र एक जना स्वतन्त्र उम्मेदवार छन् । ८६ हजार ३९७ जना मतदाता छन् । ८२ वटा मतदानस्थल र १२० मतदान केन्द्र छन् ।

## कास्कीमा छैनन् निर्वाचन आचारसंहिता उल्लङ्घनका उजुरी

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कास्कीमा उम्मेदवारी मनोनयन यता हालसम्म निर्वाचन आचारसंहिता उल्लङ्घनका उजुरी परेका छैनन् ।

दलहरू आआफ्ना आन्तरिक चुनावी तयारीमा लागिरहेको अवस्थामा हालसम्म कुनै पनि उजुरी नपरेको निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले राससलाई जानकारी दिनुभयो । निर्वाचन आचारसंहिताको कार्यान्वयनका लागि जिल्लामा मुख्य निर्वाचन अधिकृतको संयोजकत्व एवं प्रमुख जिल्ला अधिकारी सहसंयोजक रहनुभएको निर्वाचन आचारसंहिता अनुगमन समिति रहेको उहाँले जानकारी दिनुभयो । उक्त समितिका सदस्यमा अनुगमन अधिकृतका रुपमा सहायक प्रमुख जिल्ला अधिकारी, प्रमुख कोष नियन्त्रक एवं सुरक्षा निकायका प्रमुख रहनुभएको उहाँले बताउनुभयो । तीन वटा निर्वाचन क्षेत्र रहेको जिल्लामा कूल ४९ उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन् ।

चुनाव प्रचारप्रसारका लागि आगामी फागुन ४ देखि १७ गतेसम्म तोकिए पनि दलहरूले आफ्नो आन्तरिक तयारीस्वरुप चुनाव प्रचारप्रसार समितिका कार्यालय स्थापना एवं मतदाता भेटघाट लगायतका कार्यक्रमलाई अघि बढाएका छन् । निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउनका लागि कार्यालयले आवश्यक गृहकार्यसँगै निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि पनि अनुगमन गरिरहेको जनाइएको छ ।

## समानुपातिकतर्फको बन्दसूचीमा पुरुषको तुलनामा महिला बढी

**रासस**
काठमाडौं, २१ माघ

प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलहरुले पेस गरेको बन्दसूचीमा पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी रहेको पाइएको छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको विवरणअनुसार समानुपातिक निर्वाचन प्रणालीतर्फको अन्तिम बन्दसूचीको नामावली अनुसार एक हजार सात सय ७२ जना महिला छन् । यस्तै, पुरुष एक हजार तीन सय ६३ जना छन् । समानुपातिकतर्फ ६३ राजनीतिक दल सहभागी छन् । आयोगले कूल ५७ वटा निर्वाचन चिन्ह कायम गरेको छ ।

आयोगमा अनुसार, अन्तिम सूचीअनुसार कूल तीन हजार एक सय ३५ उम्मेदवार कायम भएका छन् । आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २९ र प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम १६ को उपनियम २ बमोजिम अन्तिम नामावली प्रकाशन गरेको हो । आयोगले विभिन्न कारणले गर्दा ७६ जना उम्मेदवारको नामावली भने बन्दसूचीबाट हटाएको थियो । त्यसमा कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका २१ जना र प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम कायम रहेका कूल २५ जनाको नाम हटाएको छ । यस्तै, आयोगले तोकिएको जरिवाना भुक्तान नगरेका १० जना, मतदाता नामावलीमा पिछडिएको क्षेत्रमा नभएका एक जनालाई पनि बन्दसूचीबाट हटाएको थियो । यस्तै, नाम हटाउन भनी सम्बन्धित राजनीतिक दलबाट लेखिएआएका १० जनाको नाम समेत हटाइएको छ ।

## जिल्ला समन्वय समिति कास्कीद्वारा रूपा रिङरोड सडकको अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

जिल्ला समन्वय समिति कास्कीको टोलि ले रूपा रिङ्गरोड सडकको बुधबार अनुगमन सम्पन्न गरेको छ ।

गण्डकी प्रदेश सरकार भौतिक पूर्बाधार मन्त्रालय, भौतिक पूर्बाधार कार्यालय मातहत निर्माणाधीन १६ कि मि लामो उक्त सडक २०८१ साउन १७ रू करिब ४७ करोड १८लाख ९१ लागतमा सम्झौता भएर निर्माण प्रारम्भ भएको थियो । बि बि आर कन्स्ट्रक्सन जे भि ले निर्माण गरिरहेको सो सडक २०८३ माघ १६ भित्र निर्माण सम्पन्न हुनेछ । हाल्सम्म २६८१५०७६३ भुक्तानी भएको सो सडकको ५० % भौतिक र ५६ % बित्तीय प्रगती भएको जनाइएको छ ।

अनुगमनका क्रममा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले गुणस्तरीय काममा कुनै कमजोरी हुन नदिन आग्रह गर्दै निर्धारित समयमै सम्पन्न हुने गरेर अगाडि बढ्न निर्माण कम्पनी सहित सरोकारवाला कार्यालयलाई आग्रह गर्नुभयो । भौतिक पूर्बाधार कार्यालयका इन्जिनियर राजेश चित्रकारले सो आयोजनामा रकम अभाव नरहेको र हालसम्म कुनै ब्यबधान नआएको अबस्थामा समयमै निर्माण सम्पन्न हुनेमा आशावादी रहेको उल्लेख गर्नुभयो । प्रमुख लिलाधर पौडेलको नेतृत्वमा उप प्रमुख सरिता माल,,सदस्यद्वय राजु अधिकारी र हर्क गुरुङ,जिल्ला समन्वय अधिकारी नवराज बराल सहित बिभागिय कार्यालय का इन्जिनियर, प्राबिधिक, कर्मचारी सहित सरोकारवाला उपभोक्ताको सहभागितामा अनुगमन सम्पन्न गरिएको हो ।

## बागलुङमा ११५ थान भरुवा बन्दुक बरामद

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ माघ

बागलुङमा ठूलो सङ्ख्यामा भरुवा बन्दुक बरामद गरिएको छ ।

जिल्ला प्रहरी कार्यालयले ४० दिनको अवधिमा ११५ थान अवैध तवरबाट राखिएको भरुवा बन्दुक बरामद गरेको हो । आगामी २१ फागुनमा हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षा तथा वन जङ्गलमा हुने चोरी-सिकारीलाई मध्यनजर गर्दै सञ्चालन गरिएको अवैध हातहतियार खोजी अभियानबाट हालसम्मकै ठूलो सङ्ख्यामा भरुवा बन्दुक नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक तिलक भारतीले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा धेरै इलाका प्रहरी कार्यालय बुर्तिबाङबाट ६६ थान, इलाका प्रहरी कार्यालय गलकोटबाट ४५ र इलाका प्रहरी कार्यालय बरेङडाँडाबाट ४ वटा भरुवा बन्दुक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## शुभकामना



गण्डकी प्रदेश स्थापनाको आठौं वर्ष पूरा गरी नवौं वर्षमा प्रवेश गरेको सुअवसरमा सम्पूर्ण गण्डकी प्रदेशवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । प्रदेश सरकारको स्थापनाकालदेखि हालसम्म प्राप्त उपलब्धिहरू समेटेर स्मारिका प्रकाशन गर्न लागिएको जानकारी पाउँदा अत्यन्तै खुशी लागेको छ ।

"गण्डकी प्रदेश सरकारको आठ वर्ष" नामक यस स्मारिका (पुस्तक) ले हालसम्म गण्डकी प्रदेश सरकारले हासिल गरेका उपलब्धिहरूलाई लिपिबद्ध गर्नुका साथै संस्थागत स्मरण कायम गर्न महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास लिएको छु । नेपालको संविधानले तोकेको अधिकार र कार्यक्षेत्र बमोजिम संवैधानिक मूल्य, मा(न्यता एवं प्रचलित कानुनअनुसार सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात् गर्दै प्रदेश सरकारले नागरिकसामु लोकतन्त्र र सुशासनको जगलाई सुदृढ बनाउँदै आफूलाई परिपक्व बनाउँदै लगेको छ । संघीयताको कार्यान्वयनलाई मजबुत बनाउने प्रयासस्वरूप राष्ट्रिय समन्वय परिषद्, अन्तरप्रदेश मुख्यमन्त्री बैठक, प्रदेश विकास समस्या समाधान समिति बैठक, प्रदेश समन्वय परिषद् बैठक तथा अन्तरप्रदेश समन्वय बैठकमार्फत गण्डकी प्रदेश सरकारले आफ्ना मुद्दाहरू निरन्तर संघ सरकारसमक्ष पुऱ्याउँदै आएको छ । साथै स्थानीय तहहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ।

गण्डकी प्रदेश सरकारले मितव्ययिताका लागि प्रशासनिक पुनर्संरचना गरी देशमै नयाँ उदाहरण प्रस्तुत गरेको छ । ३२ वटा कार्यालयलाई मर्ज गरी १९ वटा एकीकृत कार्यालय बनाइएका छन् भने २८५ भन्दा बढी कर्मचारी दरबन्दी कटौती गरी वार्षिक ५० करोड रुपैयाँभन्दा बढी प्रदेशको व्ययभार घटाइएको छ । गत भदौ २४ गतेको विध्वंशमा गण्डकी प्रदेशले पनि ठूलो क्षति बेहोर्नुपरेको थियो । भौतिक संरचना र सवारी साधनसहित करिब ८५ करोड रुपैयाँ बराबरको क्षति भएको थियो । जलेका संरचनाको खरानीबाट पुनः उठ्ने दृढ संकल्पका साथ प्रदेश सरकारले पुनर्निर्माणमा तत्काल सहयोग गर्ने निर्णय गर्दै १ अर्ब १५ करोड रुपैयाँभन्दा बढी चालू खर्च घटाउने महत्वपूर्ण निर्णय लिएको छ। यस कदमबाट चालू वर्षमै प्रशासनिक खर्चमा करिब २० प्रतिशत बचत भई वित्तीय अनुशासन, मितव्ययिता र जिम्मेवार शासनप्रतिको प्रदेश सरकारको प्रतिबद्धता स्पष्ट भएको छ । प्रदेश सभाबाट हालसम्म ८८ वटा कानुन पारित भइसकेका छन् । गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउने प्रक्रिया कार्यान्वयनको चरणमा छ । घरेलु मदिराको ब्रान्डिङ तथा गाँजा खेतीलाई औषधीय र औद्योगिक प्रयोजनका लागि वैधानिक व्यवस्था गर्न कानुन निर्माण भईरहेको छ । अपाङ्गता भएका व्यक्ति र दलित समुदायको शसक्तिकरण तथा उत्थानका लागि छुट्टै ऐन बनाएर अधिकारको मूलधारमा ल्याउने प्रयास गरिएको छ । मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम मार्फत स्थानीय तहमा नवप्रवर्तन, उद्यमशीलता र सेवा प्रवाहमा सुधार लगायतका कार्यमा टेवा पुगेको छ । स्थानीय तहमा न्यायिक सहजकर्ताको व्यवस्थाबाट न्यायिक समितिको कार्यसम्पादन सुदृढ भई नागरिकलाई कानुनी सेवा प्राप्त गर्न सहज भएको छ ।

प्रदेशको स्वास्थ्य क्षेत्रमा समयानुकूल सुधार एवं विपन्न वर्गको पहुँच अभिवृद्धिका लागि जिल्लास्थित प्रदेश अस्पतालहरूलाई विशेषज्ञ सेवासहित स्तरोन्नति गरी ३ सय शैयाबाट बढाएर ८ सय शैया कायम गरिएको छ । डायलासिसका लागि पालो कुर्नुपर्ने अवस्थाको अन्त्य गरिएको छ । साथै १,१२० जना क्यान्सर पीडित तथा अन्य रोगबाट ग्रसित हजारौं विपन्न नागरिकलाई प्रदेश सरकारको तर्फबाट थप आर्थिक सहायता प्रदान गरिएको छ । युवा पलायन रोक्न र आयात प्रतिस्थापन गर्न प्रदेश सरकारले व्यावसायिक कृषि उत्पादनलाई केन्द्रमा राखेको छ । यातायात क्षेत्रलाई व्यवस्थित बनाउँदै नागरिकको सुविधा, सुरक्षा र राजस्वको दायरा विस्तार गर्न देशमै पहिलो पटक राइड सेयरिङ सम्बन्धी नियमावली जारी गरी कार्यान्वयन प्रक्रिया सुरु गरिएको छ । भारत र चीन जोड्ने नाका सञ्चालनमा प्रदेश सरकारले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । यस वर्ष तिब्बत स्वायत्त क्षेत्रका लागि चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव वाङ झोङजुङसँगको मैत्रीपूर्ण भेटका क्रममा कोरोला नाका सञ्चालन तथा दुई देशबीच पर्यटन र व्यापार प्रवर्द्धनसम्बन्धी सहकार्यका विषयमा महत्वपूर्ण छलफल भएको थियो । फलस्वरूप हाल गण्डकी प्रदेशलाई जोड्ने तिब्बतको कोरोला नाका सञ्चालनमा आएपछि देशको राजस्वमा गण्डकी प्रदेशको महत्वपूर्ण योगदान पुगेको छ । प्रदेश सरकारको निरन्तर प्रयासपछि उपल्लो मुस्ताङमा विदेशी पर्यटककालागि लिइँदै आइएको पदयात्रा अनुमती दस्तुर पाँच सय डलरबाट घटाएर प्रतिदिन ५० डलर कायम भएको छ ।

प्रदेश सरकारको पहलमा पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गरिएसँगै विश्वस्तरमा गण्डकी प्रदेश र पोखराको छुट्टै पहिचान स्थापित भएको छ । यसले पर्यटन प्रवर्द्धन, उद्योग तथा व्यापार-व्यवसायमा उल्लेखनीय योगदान पुऱ्याएको छ । सीमित स्रोत र साधनका बाबजुद गण्डकी प्रदेश सरकारले कार्यक्रम तथा बजेट विनियोजनमा दक्षतालाई संस्थागत गर्दै समन्यायिक विकासको अवधारणालाई आत्मसात् गरी बजेट विनियोजन गर्दै आएको छ । नागरिकको माग र आवश्यकतालाई प्राथमिकतामा राखी पूर्वाधार विकासका कार्यक्रमहरूलाई सिलिङ निर्धारण गरी हरेक वर्ष थप व्यवस्थित बनाइएको छ । नागरिकसँग अन्तरक्रिया गर्ने, गुनासो सुन्ने तथा ती समस्या र गुनासोलाई प्राथमिकताका साथ सम्बोधन गर्ने प्रणालीको विकास गरिएको छ । मातहतका मन्त्रालय तथा कार्यालयहरूको गण्डकी प्रदेश अनुगमन प्रणाली विकास गरी सुशासन र नागरिकमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिइएको छ ।

नवौं वर्षमा प्रवेश गर्दै हामी विगतका अनुभवबाट सिक्दै, कमजोरी सुधार्दै र उपलब्धिहरूलाई अझ प्रभावकारी बनाउँदै अघि बढ्ने संकल्प गर्दछौं । "आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी" को लक्ष्य प्राप्तिको यात्रामा गण्डकी प्रदेश सरकार अझ दृढताका साथ अघि बढ्ने विश्वास दिलाउन चाहन्छुयस यात्रामा निरन्तर साथ, सहयोग र विश्वास प्रदान गर्नुहुने सम्पूर्ण गण्डकी प्रदेशवासी प्रति हार्दिक आभार व्यक्त गर्दछु । अन्त्यमा, गण्डकी प्रदेश स्थापनाको नवौं वर्षमा प्रवेशको यस अवसरमा प्रदेश सरकारले आठ वर्षसम्म सञ्चालन गरेका कार्यक्रम तथा यसबाट प्राप्त समस्त उपलब्धिहरू समेटी स्मारिका प्रकाशनको तयारीमा संलग्न हुनुहुने प्रमुख सचिव, सम्पादक मण्डल, कर्मचारीहरू तथा प्रत्यक्ष-परोक्ष रूपमा योगदान पुऱ्याउनुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ! जय नेपाल !

**सुरेन्द्रराज पाण्डे**
**मुख्यमन्त्री**

# कास्की निर्वाचन क्षेत्र नं. ३ मा कृषि, पर्यटनसँगै पूर्वाधार विकास प्रमुख चुनावी मुद्दा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

कास्कीका निर्वाचन क्षेत्र ३ ले जिल्लाका तीनवटा पालिकालाई समेटेको छ । अन्नपूर्ण गाउँपालिका र माछापुच्छ्रे गाउँपालिकाको पूरै भागसँगै पोखरा महानगरपालिकाका-११ वटा वडा यस निर्वाचन क्षेत्रमा समेटिएका छन् ।

पर्वतीय पर्यटनमा विश्वव्यापी चासो र चर्चा कमाएको अन्नपूर्ण आधार शिविरदेखि पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाइड यसै क्षेत्रमा पर्दछ । यस क्षेत्रमा पर्ने पोखरा महानगर क्षेत्र अन्तर्गत वडा नं १, २, ३, ५ र ६ पोखराका मुख्य बजार क्षेत्रमा पर्दछन् । त्यस्तै महानगरका वडा नं १८ सराङकोट, वडा नं १९ लामाचौर, पुरनचौर, वडा नं २२ पुम्दी, वडा नं २३ चापाकोट, भदौरेका केही भाग, वडा नं २४ को कास्कीकोट र वडा नं २५ को हेमजा यहाँका ग्रामीण क्षेत्रमा पर्दछन् । बजार क्षेत्रमा रहेका मतदाताले व्यवस्थित सुविधा सम्पन्न सहरका रुपमा विकास हुनुपर्ने विषयलाई यस निर्वाचनका उम्मेदवारसँग प्रतिबद्धता खोज्दै छन् । त्यस्तै ग्रामीण क्षेत्रमा रहेका मतदाताले कर महानगरको तिरे त्यस अनुसारको सेवा सुविधा पाउन नसकेको विषयलाई चुनावी मुद्दा बनाउने बताएका छन् । ग्रामीण क्षेत्रमा बढ्दो बाँदरको समस्याले बस्ती नै छोडेर हिँड्नुपर्ने जस्ता विषयको दीर्घकालीन समाधानतर्फ प्रतिबद्धता खोज्ने तयारीमा मतदाता छन् । आलु गाउँका रुपमा पहिचान बनाएको यस निर्वाचन क्षेत्रको हेमजालगायत स्थानमा कृषिको व्यवस्थित विकास गर्न सकिन्छ । यस क्षेत्रका अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिका धेरैजसो वडा अझै पनि सडक बाटोघाटोलगायतका पूर्वाधारको पर्खाइमा छन् भने महानगरका वडाहरू मध्ये वडा नं २२ पुम्दी, २३ चाँपाकोट र २४ कास्कीकोटका केही भागहरू अझै धेरै किसिमको विकासको पर्खाइमा रहेका छन् ।

यहाँका स्थानीयहरू आसन्न निर्वाचनमा पूर्वाधार विकाससँगै शिक्षा, स्वास्थ्य र पर्यटनसहित जनजीविकाका सवाललाई उम्मेदवारहरूसँग प्रतिबद्धता खोज्ने बताउँछन् । यहाँका अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिका पूर्णरुपमा नै पर्वतीय पर्यटनका प्रचुर सम्भावना बोकेका क्षेत्र भएको स्थानीय मतदाता एवं पत्रकार टङ्कप्रसाद अधिकारी बताउनुहुन्छ । यस क्षेत्रमा पर्यटनमैत्री पूर्वाधारहरू विकासमा जोड दिइनुपर्ने उहाँले बताउनुभयो ।

अन्नपूर्ण गाउँपालिकाको घान्द्रुक, छोमरोङ हुँदै माछापुच्छ्रे आधार शिविर, अन्नपूर्ण आधारशिविर (एबिसी) पर्वतीय एवं हिमाली पर्यटनका आकर्षक गन्तव्य हुन् । त्यस्तै माछापुच्छ्रे गाउँपालिकाको मर्दी पदमार्ग जस्ता पदमार्ग पदयात्रा पर्यटनको विशिष्ट गन्तव्यका रुपमा रहेको अधिकारीले बताउनुभयो । प्राकृतिक रुपमा आकर्षक रहेर भौगोलिक विकटतासँगै जलवायु परिवर्तनको बढ्दोअसरकाकारणप्राकृतिकजन्य प्रकोपले यी क्षेत्रमा बर्सेनि चुनौती थपिँदै गएको छोम्रोङ पर्यटन व्यवस्थापन समितिका सचिव दिलीप गुरुङ बताउनुहन्छ । समय समयमा आउने हिमपात, हिमआँधी, हिमपहिरोको चुनौतीलाई समाधान गर्नु जरुरी रहेको बताउँदै उहाँले यस क्षेत्रमा लागि यो चुनौतीको समाना गर्नु वर्तमानको आवश्यकता भएको बताउनुभयो । विश्वमा नै १० उत्कृष्टमध्येको अन्नपूर्ण आधार शिविरको पदमार्ग अझै पूर्णरुपमा सबैखाले पर्यटकका लागि पहुँचयुक्त बन्न नसकेको उहाँको भनाइ छ ।

पदमार्गमा पर्ने हिंकु खोला र मोदी नदीमा स्थायी पुल आवश्यक रहेको बताउँदै सचिव गुरुङले आसन्न निर्वाचनका उम्मेदवारसँग यी विषयमा प्रतिबद्धता खोजिने बताउनुभयो । “यस क्षेत्रमा सञ्चारको ठूलै समस्या छ”, उहाँले भन्नुभयो, “सहज सञ्चारको पहुँचसँगै विद्युतीकरण यहाँको अर्को गम्भीर समस्या हो ।” पदमार्ग क्षेत्रको छोम्रोङमाथि अन्नपूर्ण आधार शिविरसम्म नै विद्युत्को राष्ट्रिय लाइन जोडिन नसकेको कारण यस क्षेत्रमा विद्युतीकरण अपरिहार्य आवश्यकता भएको उहाँको भनाइ छ । अन्नपूर्ण आधार शिवर क्षेत्र जाने मार्गमा रहेको धार्मिक महत्वको पूजनीयम् बराह, लुम्लेस्थित कान्छी बराह, फेवा तालस्थित ताल बाराहीलगायत तीर्थस्थलहरू यस क्षेत्रका धार्मिक पर्यटनका गन्तव्य हुन् । अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकाको पर्यटकीय विकाससँगै पोखराको मुख्य पर्यटकीय गन्तव्य लेकसाइड र फेवातालको प्राकृतिक सुन्दरता बचाउनु र संरक्षण गर्नु यस क्षेत्रका चुनौतीहरू रहेको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहन्छ । राज्यबाट स्थानीयवासीलाई उचित मुआब्जा एवं क्षतिपूर्तिविना नै फेवा तालको मापदण्ड कार्यान्वयन गर्न खोजिनुले यहाँका स्थानीयवासी समस्यामा परेको बताउँदै उहाँले आसन्न निर्वाचनमा मत माग्न आउने उम्मेदवारसँग यी विषयमा स्थानीयले प्रतिबद्धता खोज्ने बताउनुभयो ।

“यसअघि फुट ट्रेक बनाउने नाममा फेवा किनाराका कतिपय व्यक्तिको जग्गा तालभित्र पारिएको छ”, उहाँले भन्नुभयो, “फेवा मापदण्डको कार्यान्वयनका लागि स्थानीयवासीलाई उचित प्रमाणसहित राज्यले विश्वस्त पार्दै उचित मुआब्जा एवं क्षतिपूर्ति प्रदान गर्नुपर्छ ।”

लेकसाइड क्षेत्रका कोमागाने पार्क, बसुन्धरा पार्क, नेपाल ट्रष्टको खाली जग्गा र पर्यटन मन्त्रालयको जग्गालाई व्यवस्थित पार्किङसहित उपयोग गरिनु आवश्यक रहेको उहाँले बताउनुभयो । लेकसाइडमा बाहिरबाट आउने सवारीसाधनलाई यथेष्ट पार्किङ गर्नका लागि व्यवस्थित रुपमा पार्किङको व्यवस्था गरिनु आवश्यक भएको बताउँदै उहाँले अव्यवस्थित पार्किङले यस क्षेत्रमा ठूलै समस्या उत्पन्न गरिरहेको बताउनुभयो । यस निर्वाचन क्षेत्रमा समृद्धिको महत्वपूर्ण आधार नै पर्यटन भएको उल्लेख गर्दै उहाँले दीगो एवम् व्यवस्थित पर्यटनको विकाससँगै पर्यटनमैत्री राज्यको नीति बन्नुपर्ने लगायतका विषयलाई चुनावी मुद्दाका रुपमा अघि बढाइने बताउनुभयो । आसन्न निर्वाचनमा यस क्षेत्रमा १५ जनाले उम्मेदवारी दर्ता गराउनुभएको निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी गराउनुभयो । यस क्षेत्रमा नेपाली काँग्रेसबाट मनोज गुरुङ, नेकपा (एमाले) बाट दामोदर पौडेल बैरागी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट विना गुरुङ, नेकपाबाट गोपाल गिरीलगायत उम्मेदवारी परेको छ । यस क्षेत्रमा एक लाख सात हजार ५६० जना मतदाता छन् ।

# ज्ञानभूमि मावि हाँक्ने जिम्मा सापकोटाको काँधमा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

विद्यार्थीहरूलाई देख्नेबित्तिकै आँखामा अपनत्व झल्किन्छ, शिक्षकहरूसँग बोल्दा शब्दमा सम्मान मिसिन्छ । यही सरलता र प्रतिबद्धताले पुरुषोत्तम सापकोटालाई पोखराको ऐतिहासिक विद्यालयको नेतृत्व गर्ने जिम्मेवारीसम्म पुऱ्याएको छ । उनको जीवनको मोड कक्षा ८ पास गरेपछि सुरु भयो ।

नौ कक्षामा पढाइ थाल्दा उनी घरबाट निस्कँदा बाटोभरि शिक्षकहरू भेट्थे । घर वरपर छिमेकी शिक्षक नै थिए, मामाघर पुग्दा पनि शिक्षककै संसार । यही परिवेशले बालमनमा एउटा छाप बसाल्यो “जीवनमा त शिक्षक नै बन्नुपर्ने रहेछ ।” समयसँगै त्यो छाप रहर बन्यो र त्यही रहरले यात्राको बाटो कोऱ्यो । सानैदेखि पढाइमा अब्बल, स्वभावले मिलनसार र सहयोगी सापकोटा साथीभाइबीच सधैं प्रिय पात्र रहे । आज उनै सापकोटा पोखराको प्रतिष्ठित ज्ञानभूमि माध्यमिक विद्यालयका प्रधानाध्यापक बनेका छन् । नियुक्तिको खबर सार्वजनिक हुनासाथ सामाजिक सञ्जालमा ओइरिएका बधाई सन्देशहरूले पनि उनीप्रतिको भरोसा र लोकप्रियता झल्काउँछ । पोखरा महानगरपालिका वडा नं. ३



नदिपुरस्थित ज्ञानभूमि माध्यमिक विद्यालयको व्यवस्थापन समितिको निर्णयले हालै उनलाई प्रधानाध्यापकको जिम्मेवारी सुम्पिएको हो ।

कास्कीको मादी गाउँपालिका वडा नं. ४ का स्थायी बासिन्दा सापकोटा यसअघि ज्ञानभूमी विद्यालयकै सहायक प्रधानाध्यापक थिए । विद्यालयका हरेक कोठा, हरेक समस्या र हरेक सम्भावना उनी नजिकबाट चिनेका व्यक्ति हुन् । २१ वर्षको उमेरमै शिक्षण पेसामा पाइला टेकेका सापकोटाको यात्रा सजिलो थिएन । सुरुवाती दिनमा चार वर्ष निजी विद्यालयमा पढाउँदै अनुभव संगाले । त्यसपछि शिवशक्ति क्याम्पस (तत्कालीन शिक्षा महाविद्यालय) मा चार वर्ष प्राध्यापन गरे । निजी र सरकारी दुवै क्षेत्रमा काम गर्दै उनले करिब २७ वर्ष लामो शैक्षिक अनुभव बटुले । वि.सं. २०५९ सालदेखि उनी ज्ञानभूमिसँग आबद्ध छन र सहायक प्रधानाध्यापकको रूपमा लामो समय बिताएका उनले प्रशासनिक नेतृत्व, शिक्षक व्यवस्थापन र शैक्षिक गुणस्तर सुधारका कामहरू नजिकबाट सम्हाले । पढाइमा पनि सापकोटाको पहिचान उत्कृष्टतासँग जोडिएको छ । कास्कीको तत्कालीन मादी गाउँपालिका वडा नं. ३ याङजाकोट स्थित सीताराम माध्यमिक विद्यालयबाट वि.सं. २०५० सालमा एस.एल.सी. उत्तीर्ण गरेपछि उनले पृथ्वीनारायण क्याम्पसबाट प्रमाणपत्र तह पूरा गरे । शिक्षा महाविद्यालय (फुलबारी) बाट स्नातक र स्नातकोत्तर तह अध्ययन गरे । गणित विषयमा स्नातकोत्तर तहमा उनले प्रथम श्रेणी हाँसिल गर्नु उनको लगनशीलताको प्रमाण हो । कक्षा कोठाभन्दा बाहिर पनि सापकोटा समाजसँग जोडिएका छन् । साथीभाइसँग आत्मीय व्यवहार, सहयोगी भावना र नेतृत्व क्षमताका कारण उनी विभिन्न सामाजिक संघ-संस्थामा सक्रिय देखिन्छन् । शिक्षण पेसाको हकहितका लागि निरन्तर क्रियाशील उनी नेपाल शिक्षक संघको जिल्ला सदस्य, पोखरा महानगर सचिव हुँदै हाल कास्की जिल्ला उपाध्यक्षको जिम्मेवारी सम्हालिरहेका छन् । उनी ज्ञानभूमिलाई केवल नतिजामुखी होइन, संस्कारमुखी विद्यालय बनाउने सपना देखेका छन् ।

## बागलुङ ...

बरामद भएको छ ।

ढोरपाटन सिकार आरक्ष आसपास, विभिन्न सामुदायिक वनमा चोरी-सिकारी बढेको तथा गाउँघरमा आपसी विवाद र झै-झगडामासमेत भरुवा बन्दुकको दुरूपयोग हुने जोखिम बढेकाले इजाजतपत्र नलिइकन लुकाइछिपाइ राखिएका भरुवा बन्दुक सङ्कलन गरी बरामद गरिएको उहाँको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालय र मातहतका एकाइबाट भएका गस्ती तथा स्थानीयवासीबाट प्राप्त सूचनाका आधारमा गोठ, जङ्गल, खोलाखोल्सा तथा बसोबास नभएका खाली घरमा लुकाएर राखेको अवस्थामा अवैध बन्दुक बरामद भएको प्रहरी उपरीक्षक भारतीले बताउनुभयो । “हामीले केही समय अगाडिदेखि अवैध हातहतियार सङ्कलन र बरामद गर्ने अभियान चलाएका थियौँ, हाम्रो सबै प्रहरी युनिटबाट खटिएका प्रहरीले यी हातहतियार नियन्त्रणमा लिएका हुन्”, प्रहरी उपरीक्षक भारतीले भन्नुभयो, “चुनावलाई लक्षित गरेर लाइसेन्सवाला हतियार पनि प्रहरीमा बुझाउन आग्रह गरेका छौँ ।”उहाँका अनुसार बरामद भएका धेरैजसो भरुवा बन्दुक स्थानीयस्तरमै बनाइएको र चालु अवस्थामै रहेको भेटिएको छ । इजाजतपत्र नलिइकन भरुवा बन्दुक प्रयोग गरेमा पाँच वर्षसम्म कैद र ५० हजारसम्म जरिवाना हुने कानुनी व्यवस्था छ ।

# नेपाल बाहिरियो

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

घरेलु टोली नेपाल पोखरामा जारी १९ वर्ष मुनिको साफ महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताको लिग चरणबाटै बाहिरिएको छ ।

पोखरा रङ्गशालास्थित अन्तरराष्ट्रिय फुटबल रङ्गशालामा आज लिग चरणको अन्तिम खेलमा बङ्गलादेशसँग ४-० गोलले पराजित भएसँगै नेपाल प्रतियोगिताबाट बाहिरिएको हो । नेपाललाई निरास पार्ने क्रममा बङ्गलादेशले खेलको पहिलो हाफमा दुई र दोस्रो हाफमा दुई गोल गर्न सफल भयो । बङ्गलादेशलाई जित दिलाउन अल्पी अख्तरले ह्याटिक गरिन् । खेल सुरु भएको तेस्रो मिनेटमै प्रोतिमा मुण्डाको गोलमार्फत अग्रता बनाएकामा पहिलो हाफको इन्जुरी समयमा अक्तरले अग्रता दोब्बर पारिन् । नेपाल पहिलो हाफमा दुई गोलले पछि परेपछि दोस्रो हाफमा खेलमा फर्कन सङ्घर्ष गरिरहेको थियो । खेलको ६७औं मिनेट र ८२ औं मिनेटमा अख्तरले गोल गरेपछि बङ्गलादेश फाइनलमा पुग्न सफल भयो । लिगका तीनवटै खेल जितेर शीर्ष स्थानमा रहन सफल भएको बङ्गलादेशले अब प्रतियोगिताको उपाधिका लागि भारतसँग प्रतिस्पर्धा गर्नेछ । भारतले आजनै सम्पन्न लिगचरणको पहिलो खेलमा भुटानलाई ८-० गोलले हराएको थियो । प्रतियोगितामा दुई जित र एक हार बेहोरेको भारत ६ अङ्क जोडेर फाइनल पुगेको हो । लिग चरणका शीर्ष दुई टोली भारत र बङ्गलादेशकाबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको दुई खेलमा हार र एउटामा जित निकालेको नेपालले तीन अङ्क जोड्दा भुटानले कुनै पनि अङ्क जोड्न सकेन ।


# शुभकामना

नेपालमा संघीयता कार्यान्वयनसँगै स्थापना भएको गण्डकी प्रदेशले आठ बर्ष अवधिसम्म आईपुग्दा महत्वपूर्ण उपलब्धिहरू हासिल गर्न सफल भएको छ । प्रदेश स्थापना दिवसको यस सुखद, ऐतिहासिक तथा गौरवपूर्ण अवसरमा सम्पूर्ण प्रदेशवासीहरूलाई हार्दिक शुभेच्छा व्यक्त गर्दछु । प्रदेश स्थापनाको आठ वर्षपुग्न लागेको अवसरमा प्रकाशन हुन लागेको यो स्मारिका केवल एउटा पुस्तक मात्र होईन,यो संविधानतः संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा बलियो प्रदेश सरकारको उपस्थिति, उपलब्धी र भावी कार्यदिशा निर्धारण गर्ने मार्गचित्र पनि हो । संघीयताको मूल मूल्य (core value) प्रदेश सरकारको प्रबन्ध र सोको प्रभावकारी कार्यसम्पादन हो । नेपालको संविधानले धारा ५७ बमोजिम राज्यशक्तिको बाँडफाट गरी सो अनुरुप अनुसूची-६ मा प्रदेशका अधिकार सूचीको प्रबन्ध गरी प्रदेशलाई तीन तहको सरकारको मुख्य अंगको रुपमा स्वीकार गरेको छ ।

नेपालको संविधान, कार्य विस्तृतीकरण प्रतिवेदन र प्रदेश सरकारको स्वीकृत कार्यक्षेत्रको अधीनमा रही यस अवधिमा ८८ वटा ऐन र २९ वटा नियमावली तर्जुमा गरी प्रदेश सरकारका गतिविधिहरु सम्पादन हुँदै आएका छन् । सार्वजनिक प्रशासन संचालनको मूल अभिभारा कर्मचारी प्रशासनको हो जसलाई स्थायी सरकार भनेर पनि बुझिन्छ । अतः संघियता कार्यान्वयनको मूल मर्म अनुरुप विकास र सेवाप्रवाहलाई जनताको वरिपरी पुऱ्याउने हेतुले प्रदेश सरकारले नवप्रवर्तन (innovation)का क्षेत्रमा समेत अग्रणी भूमिका निभाएको छ। मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम र नवप्रवर्तन साझेदारी कार्यक्रम मार्फत १० जिल्लाका ५३ स्थानीय तह लाभान्वित भएका छन् भने स्थानीय तहको न्याय सम्पादनमा सहजता प्रदान गर्न ६५ स्थानीय तहमा न्यायिक सहजकर्ता परिचालन गरिएको छ।स्थानीय तहको प्रशासनिक क्षेत्रमा कार्यसम्पादन गर्दा उब्जिएका समस्या सम्बोधन गर्ने गरी प्रमुख सचिवको अध्यक्षतामा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सहभागितामा पहिलो पटक प्रशासनिक समन्वय परिषदको बैठक सञ्चालन भएको छ।

यस पृष्ठभूमिमा गण्डकी प्रदेश सरकारले ‘People Centric Governance System’लाई अझ बढी मजबुत बनाउँदै लगेको कुरा उल्लिखित उपलब्धिले इंगित गरेको छ। हाम्रा उपलब्धिहरु प्रदेश सरकारलाई संस्थागत सवलीकरण, संरचनागत सुदृढीकरण, नीतिगत सुधार एवं प्रक्रियागत सरलीकरण गर्दै सार्वजनिक क्षेत्रमा सुशासन कायम गराउन केन्द्रित भएको स्पष्ट हुन्छ। यो सफलता सरकारको दूरदर्शी नेतृत्व, कर्मचारीहरूको सकारात्मक प्रयास तथा प्रदेशवासीहरूको सक्रिय सहभागिताबाट सम्भव भएको हो।हामी सार्वजनिक प्रशासनलाई समयानुकूल, प्रतिस्पर्धी, मितव्ययी, जवाफदेही, प्रविधिमैत्री र समग्रतामा जनमैत्री बनाउने बिषयमा समेत केन्द्रित छौँ । हामीले विगतका कमजोरीबाट पाठ सिक्दै प्रदेश सरकारलाई मजबुत बनाउनुका साथै संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई जीवन्त राख्दै “आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी”को लक्ष्य पूरा गर्न प्रतिबद्ध छौँ । यस स्मारिका प्रकाशनको लागि संरक्षकको भूमिकासहित मार्गदर्शन गर्नुहुने माननीय मुख्मन्त्री सुरेन्द्रराज पाण्डेज्यूलाई विशेष धन्यवाद र आभार व्यक्त गर्दछु। स्मारिका प्रकाशनमा खटिने सम्पादन मण्डलका संयोजक सहित सम्पूर्ण सदस्यहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै, महत्वपुर्ण सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने सबै मन्त्रालय/आयोग/प्रतिष्ठान/निकाय लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछु ।

**डण्डुराज घिमिरे**
**प्रमुख सचिव**



# संघीयताको सञ्चार अभ्यासः सुसूचित गण्डकीको आधारशिला

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको सुसूचित नागरिक र स्वतन्त्र प्रेसको मर्मलाई आत्मसाथ गर्दै गण्डकी प्रदेश सरकार स्थापनाको आठौं वर्ष पूरा गरेको यस सुखद अवसरमा सम्पूर्ण प्रदेशवासी, सञ्चारकर्मी मित्रहरू तथा आम पाठकवृन्दमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

संघीयता केवल राजनीतिक संरचनाको परिवर्तन मात्र होइन, यो त केन्द्रीकृत मानसिकताको विकेन्द्रीकरण र नागरिक अधिकारको घरदैलोमै प्राप्ति हो । यही मूल मर्मलाई आत्मसाथ गर्दै गण्डकी प्रदेश सरकारले सञ्चार क्षेत्रको संस्थागत विकासमा ऐतिहासिक फड्को मारेको छ । हिजोका दिनमा सञ्चार माध्यमको दर्ता, नवीकरण वा प्रेस प्रतिनिधि प्रमाणपत्र लिनका लागि काठमाडौँको सिंहदरबार धाउनुपर्ने बाध्यताको हामीले अन्त्य गरेका छौं। गण्डकी प्रदेश सभाले निर्माण गरेको गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० र सोही ऐनको जगमा २०८१ सालमा स्थापित प्रेस रजिष्ट्रारको कार्यालय संघीयताको सफल कार्यान्वयनको एक ज्वलन्त उदाहरण हो ।

यो कार्यालय स्थापनासँगै हामीले प्रदेशभित्रका पत्रपत्रिका, एफ.एम. रेडियो, टेलिभिजन र अनलाइन सञ्चार माध्यमहरूको अभिभावकत्व ग्रहण गर्दै नियमन र प्रवर्द्धनको कार्यलाई तीव्रता दिएका छौं। भर्खरै जारी भएको गण्डकी प्रदेश आम सञ्चार नियमावली २०८२ ले सञ्चार माध्यमको वर्गीकरण, लोककल्याणकारी विज्ञापनको न्यायोचित वितरण र श्रमजीवी पत्रकारको पेशागत सुरक्षाका लागि स्पष्ट मार्गचित्र कोरेको छ । हाम्रो अबको गन्तव्य डिजिटल गण्डकी हो । प्रविधिको युगमा कार्यालयका सेवाहरूलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउन हामीले अनलाइन दर्ता र नवीकरण प्रणालीको विकासलाई अन्तिम चरणमा पुऱ्याएका छौं । यसले सेवाग्राहीको समय र लागतको बचत मात्र गर्ने छैन, सुशासनको प्रत्याभूति समेत गराउनेछ । पत्रकारितालाई केवल समाचार सम्प्रेषणमा मात्र सीमित नराखी यसलाई थप मर्यादित, अनुसन्धानमूलक र जवाफदेही बनाउन हामीले पत्रकार लेखनवृत्ति (फेलोसिप) कार्यक्रम, विपद्मा परेका पत्रकारका लागि पत्रकार कल्याणकारी कोष र क्षमता अभिवृद्धिका लागि मिडिया साक्षरता अभियान सञ्चालन गरिरहेका छौं । वर्तमान समयमा चुनौतीको रूपमा देखा परेको भ्रमपूर्ण र मिथ्यापूर्ण सूचनाको बाढीलाई रोक्न र सत्य तथ्य सूचना प्रवाह गर्न कार्यालयले सरोकारवालाहरूसँगको सहकार्यलाई प्राथमिकतामा राखेको छ ।

केही समयअघि जेनजी आन्दोलनका क्रममा कार्यालयको भौतिक संरचना जलेर खरानी भयो । तर, त्यो खरानीको थुप्रोबाट बौरिएर हामीले प्रमाणित गर्यौं कि, भवन र कागज जल्न सक्छन्, तर नागरिकको सेवा गर्ने हाम्रो संकल्प र इच्छाशक्ति कहिल्यै जल्दैन । प्रदेश र प्रेस एकअर्काका परिपूरक हुन्। गण्डकी प्रदेश सरकार प्रेस स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध छ। हामी चाहन्छौं, यहाँको पत्रकारिताले सत्ताको स्तुति होइन, खबरदारी गरोस्।समाजका आवाजविहीनहरूको आवाज बोलोस्। सत्य, तथ्य र निष्पक्ष सूचनाको हक सुनिश्चित गर्दै आत्मनिर्भर र समुन्नत प्रदेश, सुखी प्रदेशवासीको आकांक्षा पूरा गर्न हामी सदैव मिडिया जगतसँग हातेमालो गर्न तयार छौं । जय गण्डकी ! जय पत्रकारिता !

**बिमला भण्डारी**
**प्रेस रजिष्ट्रार, गण्डकी प्रदेश**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। –गीता

## सम्पादकीय

# प्रदेशको सान्दर्भिकता बढ्दैछ

गण्डकी प्रदेश स्थापनाको आठौं वर्ष पूरा गरी नवौं वर्षमा प्रवेश गरेको छ। प्रदेश स्थापनापछि दुई वटा निर्वाचन भएको छ। पहिलो कार्यकालको प्रदेश सभा र प्रदेश सरकारले कानुन बनाउने देखि जनताको नजिक सरकार आएको छ भन्ने सन्देश दिन सकेको छ।देश संघीयतामा गएको भनेकै प्रदेश सरकार गठन हो। प्रदेश संरचना नयाँ भएको हुँदा अपेक्षा र आशंका पनि धेरै छ। देशमा अग्रगामी परिवर्तन र सुधार नचाहनेहरुबाट प्रदेश खारेजको माग गर्दै आएका थिए। काम नहेरी विरोध गर्ने र जनताको भावनाविपरीत एकोहोरो विरोध गर्नेहरु अहिले बलियो बनाउनुपर्ने भन्न थालेका छन।कुनै सिद्धान्त नभएका र गन्तव्य स्पष्ट नभएका दल र शक्तिहरू अहिले प्रदेशको आवश्यकता बोध गर्न थालेका छन।

नेपालको संविधानले सबैको दायरा तोकेको छ। सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा प्रदेश खडा भएको छ। प्रदेश सरकारले नागरिकसामु लोकतन्त्र र सुशासनको जगलाई सुदृढ बनाउँदै आफूलाई परिपक्व बनाउँने दिशामा बढेको छ। संघीयताको कार्यान्वयनलाई मजबुत बनाउने प्रयासस्वरूप राष्ट्रिय समन्वय परिषद्, अन्तरप्रदेश मुख्यमन्त्री बैठक, प्रदेश विकास समस्या समाधान समिति बैठक, प्रदेश समन्वय परिषद् बैठक तथा अन्तरप्रदेश समन्वय बैठकमार्फत गण्डकी प्रदेश सरकारले आफ्ना मुद्दाहरू निरन्तर संघ सरकारसमक्ष पुऱ्याउँदै आएको छ। साथै स्थानीय तहहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ। प्रदेशको विरोध गर्नेले खडा गरेको खर्चिलो भयो भन्ने भाष्य उनिहरुले नै खण्डन गरिदिएका छन।जेनजी आन्दोलन अघि नै गण्डकी प्रदेश सरकारले मितव्ययिताका लागि प्रशासनिक पुनर्संरचना गरी देशमै नयाँ उदाहरण प्रस्तुत गरेको छ। ३२ वटा कार्यालयलाई मर्ज गरी १९ वटा एकीकृत कार्यालय बनाइएका छन् भने २८५ भन्दा बढी कर्मचारी दरबन्दी कटौती गरी वार्षिक ५० करोड रुपैयाँभन्दा बढी प्रदेशको व्ययभार घटाइएको छ।

गत भदौ २४ गतेको विध्वंशमा गण्डकी प्रदेशले पनि ठूलो क्षति बेहोर्नुपरेको थियो। भौतिक संरचना र सवारी साधनसहित करिब ८५ करोड रुपैयाँ बराबरको क्षति भएको थियो। जलेका संरचनाको खरानीबाट पुनः उठ्ने दृढ संकल्पका साथ प्रदेश सरकारले पुनर्निर्माणमा तत्काल सहयोग गर्ने निर्णय गर्दै १ अर्ब १५ करोड रुपैयाँभन्दा बढी चालू खर्च घटाउने महत्वपूर्ण निर्णय लिएको छ। यस कदमबाट चालू वर्षमै प्रशासनिक खर्चमा करिब २० प्रतिशत बचत भई वित्तीय अनुशासन, मितव्ययिता र जिम्मेवार शासनप्रतिको प्रदेश सरकारको प्रतिबद्धता स्पष्ट भएको छ। प्रदेश सभाबाट हालसम्म ८८ वटा कानुन पारित भइसकेका छन्। गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउने प्रक्रिया कार्यान्वयनको चरणमा छ। घरेलु मदिराको ब्रान्डिङ तथा गाँजा खेतीलाई औषधीय र औद्योगिक प्रयोजनका लागि वैधानिक व्यवस्था गर्न कानुन निर्माण भईरहेको छ। अपाङ्गता भएका व्यक्ति र दलित समुदायको शसक्तिकरण तथा उत्थानका लागि छुट्टै ऐन बनाएर अधिकारको मूलधारमा ल्याउने प्रयास गरिएको छ। प्रदेशले आफ्ना कामबाटै विरोधीलाई झापड दिएको छ।

प्रदेशको स्वास्थ्य क्षेत्रमा समयानुकूल सुधार एवं विपन्न वर्गको पहुँच अभिवृद्धिका लागि जिल्लास्थित प्रदेश अस्पतालहरूलाई विशेषज्ञ सेवासहित स्तरोन्नति गरी ३ सय शैयाबाट बढाएर ८ सय शैया कायम गरिएको छ। डायलासिसका लागि पालो कुर्नुपर्ने अवस्थाको अन्त्य गरिएको छ। साथै १,१२० जना क्यान्सर पीडित तथा अन्य रोगबाट ग्रसित हजारौं विपन्न नागरिकलाई प्रदेश सरकारको तर्फबाट थप आर्थिक सहायता प्रदान गरिएको छ। युवा पलायन रोक्न र आयात प्रतिस्थापन गर्न प्रदेश सरकारले व्यावसायिक कृषि उत्पादनलाई केन्द्रमा राखेको छ। यातायात क्षेत्रलाई व्यवस्थित बनाउँदै नागरिकको सुविधा, सुरक्षा र राजस्वको दायरा विस्तार गर्न देशमै पहिलो पटक राइड सेयरिङ सम्बन्धी नियमावली जारी गरी कार्यान्वयन प्रक्रिया सुरु गरिएको छ।

भारत र चीन जोड्ने नाका सञ्चालनमा प्रदेश सरकारले नेतृत्वदायी भूमिका निर्वाह गरेको छ। यस वर्ष तिब्बत स्वायत्त क्षेत्रका लागि चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव वाङ झोङजुङसँगको मैत्रीपूर्ण भेटका क्रममा कोरोला नाका सञ्चालन तथा दुई देशबीच पर्यटन र व्यापार प्रवर्द्धनसम्बन्धी सहकार्यका विषयमा महत्वपूर्ण छलफल भएको थियो। फलस्वरूप हाल गण्डकी प्रदेशलाई जोड्ने तिब्बतको कोरोला नाका सञ्चालनमा आएपछि देशको राजस्वमा गण्डकी प्रदेशको महत्वपूर्ण योगदान पुगेको छ। प्रदेश सरकारको निरन्तर प्रयासपछि उपल्लो मुस्ताङमा विदेशी पर्यटककालागि लिइँदै आइएको पदयात्रा अनुमती दस्तुर पाँच सय डलरबाट घटाएर प्रतिदिन ५० डलर कायम भएको छ। प्रदेश सरकारको पहलमा पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गरिएसँगै विश्वस्तरमा गण्डकी प्रदेश र पोखराको छुट्टै पहिचान स्थापित भएको छ। यसले पर्यटन प्रवर्द्धन, उद्योग तथा व्यापार-व्यवसायमा योगदान पुऱ्याएको छ। नागरिकसँग अन्तरक्रिया गर्ने, गुनासो सुन्ने तथा ती समस्या र गुनासोलाई प्राथमिकताका साथ सम्बोधन गर्ने प्रणालीको विकास गरिएको छ। मातहतका मन्त्रालय तथा कार्यालयहरूको गण्डकी प्रदेश अनुगमन प्रणाली विकास गरी सुशासन र नागरिकमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिन सकेमा प्रदेश महत्त्व र सान्दर्भिकता बढेर जानेछ।

# ट्याक्टरबाट खसेर युवकको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, २१ माघ

ऋषिङ गाउँपालिका-३ दाङश्रीको भित्री सडकमा ट्याक्टरबाट खसेर एक युवकको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकका अनुसार ऋषिङ गाउँपालिका-४ का २३ वर्षीय पूर्णबहादुर थापाको गए राति मृत्यु भएको हो। बालुवा बोकेको ग१त ६२९४ नम्बरको ट्र्याक्टरबाट खसेर गम्भीर घाइते थापाको रत्नहरि अस्पतालमा मृत्यु भएको हो।

# दरखोलामा मोटरेबल पुल निर्माण

**पोखरापत्र संवाददाता**
दमौली, २१ माघ

म्याग्दीको धवलागिरी गाउँपालिका-२ लमसुङ स्थित दरखोलामा मोटरेबल पुल निर्माण थालिएको छ। पूर्वाधार विकास कार्यालय, म्याग्दीले ठेक्का मार्फत निर्माण थालिएको सो पुल २५ मिटर लामो हुनेछ।

विस २०८१ भदौ १९ गते रु पाँच करोड ५९ लाख ३३ हजारमा ठेक्का सम्झौतामा निर्माण कम्पनीले यसै महिनादेखि काम थालेको कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर डा महेन्द्र बानियाँले जानकारी दिनुभयो। खोलालाई डाइभर्सन गरेर पुलको पिल्लर राख्ने ठाउँ बनाउन थालिएको हो। ठेक्का सम्झौताको अवधि एकवर्ष पाँच महिना रहेको छ। यस ठाउँमा पुल निर्माण भएपछि धवलागिरी गाउँपालिकाको १ र २ नम्बर वडालाई पालिकाको केन्द्र जोड्ने मुना- खोरीया- लमसुङ- लुलाङ- गुर्जा सडकमा बाह्रै महिना नियमित यातायात सञ्चालन गर्न सकिने गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो। हाल बर्खामा दरखोलामा बाढी आएर पानीको सतह बढ्दा सिधा यातायात बन्द हुने गरेको छ।

# नेका रुपा वडा नं ६ मा सम्पर्क कार्यालय स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

नेपाली काँग्रेस कास्की क्षेत्र नं. १ अन्तर्गत रुपा गाउँ पालिका वडा नं. ६ वरको डालीमा सम्पर्क कार्यलय स्थापन गरिएको छ।

आसन्न प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै रुपा गाउँ पालिकाको वडा नं. ६ वरको डालिमा सम्पर्क कार्यलय स्थापना गरिएको नेपाली काँग्रेस कास्कीका सहसचिव तथा प्रवक्ता नवीन सिग्देलले जानकारी दिए।

सम्पर्क कार्यलयको नेपाली काँग्रेसका पूर्व महामन्त्री तारानाथ रानाभाटले उद्घाटन गरेका थिए। कार्यक्रममा बोल्दै रानाभाटले मुलुकको स्थीरता, शान्ति, विकास र स्थायित्वका लागि काँग्रेसलाई जिताउनु पर्ने बताए। कास्की क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य उम्मेदवार तिलक रानाभाटले परिवर्तनको नेतृत्व गरेको काँग्रेसले उन्नती प्रगती र समुन्नतीको पनि नेतृत्व गर्ने बताए। पार्टी संगठन, रणनीति र प्रचार-प्रसारलाई एकीकृत गर्दै काँग्रेस प्रचार प्रसारलाई तिव्र पारेको क्षेत्रिय सचिव ओम प्रकाश गुरुङले जानकारी दिए।

कार्यक्रममा नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बराल, गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङ, वडा इकाइ सभापति वलराम गुरुङ, उपसभापति जुम्मेदिन मिया, सचिव टिक प्रसाद गुरुङ युवा नेता गोपाल गुरुङलगायतले बोलेका थिए।

# बागलुङमा चार हजार जनशक्ति खटाइने

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ माघ

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा बागलुङमा दुई हजार बढी कर्मचारी परिचालन गरिने भएको छ।

बागलुङमा निर्वाचन प्रहरी र नेपाल प्रहरी गरी दुई हजार नै सुरक्षाकर्मी परिचालन गर्ने तयारी भएको छ। निर्वाचनमा नेपाली सेना र सशस्त्र प्रहरी आवश्यकताका आधारमा खटिने तयारी भइरहेको छ। बागलुङमा कायम रहेको १०७ मतदानस्थल र २३० मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीहरु गरी दुई हजार ६० जना कर्मचारी खटाउने तयारी भइरहेको जिल्ला निर्वाचन कार्यालय बागलुङले जनाएको छ। बागलुङमा २३० मतदान अधिकृत, २३० सहायक मतदान अधिकृतसँगै एउटा मतदान केन्द्रमा अन्य सात जनाका दरले एक हजार ६१० कर्मचारी परिचालन गरिने तयारी भएको निर्वाचन कार्यालय बागलुङका सूचना अधिकारी गोकुल शर्माले जानकारी दिनुभयो। निजामती कर्मचारीबाट मतदान अधिकृत र सहायक मतदान अधिकृतमा प्राथमिकता दिइएको र अपुग कर्मचारीलाई शिक्षकबाट ल्याउने तयारी गरिएको छ। बागलुङमा ६३७ नेपाल प्रहरी र एक हजार २९८ निर्वाचन प्रहरी परिचालन गरिने तयारी भएको बागलुङका प्रहरी उपरीक्षक तिलक भारतीले जानकारी दिनुभयो। उहाँले पहिलो घेरा र मतपेटिकाको सुरक्षामा नेपाल प्रहरी खटिने भए पनि बाहिरी घेरामा आवश्यकताका आधारमा सशस्त्र प्रहरी र नेपाली सेना समेत खटिने भारतीले जानकारी दिनुभयो। उहाँले सशस्त्र र नेपाली सेनाको सङ्ख्याको तथ्याङ्क सार्वजनिक गर्न नमिल्ने बताउनुभयो। "मोबाइल टोली भन्ने प्रहरीको छुट्टै संयन्त्र हुन्छ जहाँ समस्या हुन्छ, त्यस स्थानमा तुरुन्तै पुग्छ", नेपाली सेना र सशस्त्र प्रहरी मतदान केन्द्रको बाहिर अलर्ट हुन्छ, जनताले निर्धक्क आफ्नो मत जाहेर गर्न सक्छन्", भारतीले भन्नुभयो। बागलुङमा निर्वाचन र नेपाल प्रहरी गरी एक हजार ९३५ सुरक्षाकर्मी र दुई हजार ६० कर्मचारी गरी तीन हजार ९९५ जनशक्ति परिचालन गरिने भएको छ। जसमा नेपाली सेना र सशस्त्र प्रहरी बल अलग्गै खटिने छन्। बागलुङमा सुरक्षा संवेदनशिलता, मतदाताको सङ्ख्या घटबढ, तथा पायक पर्ने स्थानलगायत कारण एक मदतानस्थल थप गरेको र एक मतदना केन्द्र घटाएर १०७ मतदानस्थल र २३० मतदान केन्द्र कायम गरिएको हो।

# निर्वाचन: मुस्ताङमा हिमपातको डर

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ माघ

आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मुस्ताङमा ३९ वटा मतदान केन्द्र कायम गरिएको छ। जिल्लाका पाँच स्थानीय तहका सबै मतदान केन्द्र तथा मतदानस्थल सुरक्षा दृष्टिकोणले सामान्य रहेको छ।

मुस्ताङमा निर्वाचनका लागि यहाँ सबै मतदान केन्द्र तथा मतदानस्थलमा सुरक्षा चुनौती सामान्य रहे पनि हिमपातले मतदान कार्यक्रमलाई असर पुऱ्याउन सक्ने आकलन गरिएको छ। हिमपात भएको अवस्थामा मतदाता गन्तव्यमा पुगेर मतदान गर्न असहज हुने भएकाले त्यसको पूर्वतयारी पनि थालिएको छ। मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-५ स्थित साङ्ता मतदान केन्द्र जाने मुस्ताङ-डोल्पा सडकमा बाक्लो हिउँ जमेका कारण एक महिना अघिदेखि सडकमा यातायात सेवा अवरुद्ध छ। मुस्ताङमा फागुन/चैत महिनामा हिमपात भएको विगतका अनुभवहरु छन्। हिमपात भएमा मतदाता र मतदानमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीलाई समस्या सृजना हुनसक्ने प्रमुख जिल्ला अधिकारी अजिता शर्माले बताउनुभयो।

निर्वाचन कार्यतालिका अनुसार मतदान गर्ने दिनको केही दिन अगाडि साङ्ता मतदान केन्द्रमा जाने सडकको हिउँ डोजर परिचालन गरी पन्छ्याएर सडक सहज बनाउने योजनामा रहेको प्रजिअ शर्माको भनाइ छ। यसपालि जिल्ला निर्वाचन कार्यालयको सिफारिसमा लोमान्थाङ गाउँपालिका-२ समजुङ मतदानस्थललाई सोही वडाको छोसेरस्थित दिव्यदीप माध्यमिक विद्यालय छोसेरमा गाँभिएको छ। यसैगरी लोघेकर दामोदरकुण्ड-ताङ्ग्याका मतदाताहरु सहजताका लागि थप अर्को एक मतदानस्थल थपिएको छ। हाल थासाङ गाउँपालिकामा-८ वटा, घरपझोङ गाउँपालिकामा-६ वटा, लोघेकर दामोदरकुण्डमा-१० वटा, वारागुङ मुक्तिक्षेत्रमा-९ वटा र लोमान्थाङ गाउँपालिकामा छ वटा मतदान केन्द्र तथा मतदानस्थल कायम गरिएको छ। मुस्ताङका प्रजिअ शर्माका अनुसार मुस्ताङका सबै मतदान केन्द्रमा सडकको पहुँच, विद्युत्, टेलिफोन र इन्टरेनटको सुविधा छ। मुस्ताङमा एक लाख १३ हजार २८ जना मतदाता छन्। जसमध्ये पुरुष पाँच हजार ५५९ जना, महिला पाँच हजार ७६८ र अन्य एक जना मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीले जानकारी दिनुभयो। मुस्ताङको घरपझोङमा दुई हजार ४९२, थासाङमा दुई हजार ९०८, लोघेकर दामोदरकुण्डमा एक हजार ५४२, बारागुङ मुक्तिक्षेत्रमा दुई हजार ३७६ र लोमान्थाङ गाउँपालिकामा दुई हजार ११ जना मतदाता छन्। निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरीबाट २६६ जना र सशस्त्र प्रहरी बल नेपालबाट ४६ जना निर्वाचन प्रहरी छनौट गरी निर्वाचन प्रहरीका लागि अनुशिक्षण तालिम आइतबारदेखि सञ्चालन भइसकेको छ। निर्वाचनका नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी, रास्वपा, उज्यालो नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी, मङ्गोल नेशनल अर्गानाइजेशन र आमजनता पार्टीले उम्मेदवारी दर्ता गराएका छन्।

# तनहुँमा यस वर्ष ४५ करोड बढीको सुन्तला बिक्री

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ माघ

यहाँका किसानले यस वर्ष सुन्तला बिक्रीबाट रु साढे पैतालिस करोड आम्दानी गरेका छन्। गतवर्ष रु ४२ करोड बराबरको बिक्री गरेको यस जिल्लाले यस वर्ष रु साढे तीन करोड बढीको सुन्तला उत्पादन गरेको हो।

जिल्लामा एक हजार ६७० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिएकामा ९७७ हेक्टरबाट उत्पादन भएको कृषि विकास कार्यालयका बाली संरक्षण अधिकृत एवं सूचना अधिकारी किरण परियारले जानकारी दिनुभयो। उहाँका अनुसार एघार हजार ८२१ दशमलव सात मेट्रिकटन उत्पादन भएकामा औपचारिक रूपमा पाँच हजार ८२१ दशमलव नौ मेट्रिकटन सुन्तला उत्पादन बिक्री हुँदा उक्त कारोवार भएको हो।

जिल्लाको आँबुखैरेनी, घिरिङ्ग, देवघाट, भीमाद, म्याग्दे, ऋषिङ्ग, बन्दीपुर, व्यास र शुक्लागण्डकी नगरपालिकाका विभिन्न क्षेत्र सुन्तलाखेतीका लागि पकेट क्षेत्रको प्रख्यात मानिन्छन्। सुन्तला उत्पादनबाट राम्रो आम्दानी गर्न थालेपछि सुन्तलाखेतीतर्फ किसानको आकर्षण बढ्दै गएको कार्यालय प्रमुख परशुराम अधिकारीले बताउनुभयो।

तनहुँमा उत्पादित अधिकांश सुन्तला दमौली, पोखरा र काठमाडौँका व्यापारीले लैजाने गरेका छन्। सुन्तला खरिदका लागि व्यापारी बगैँचासम्म पुग्ने गरेका थिए। त्यसका कारण किसान बिक्रीका लागि बजारको समस्या खेप्नु नपर्दा थप उत्साहित देखिएका हुन्। कार्यालयबाट अनुदान अन्तर्गत किसानलाई निःशुल्क रूपमा बेर्ना, नयाँ क्षेत्रफल विस्तारका लागि खाल्टो खन्न, सिँचाइ गर्न पोखरी बनाउन, अनावश्यक हाँगा काट्ने मेसिन खरिद गर्न सून्तला जात फलफूल विकास कार्यक्रमअन्तर्गत अनुदानको व्यवस्था गरिएको सूचना अधिकारी परियारले जानकारी दिनुभयो।

किसानलाई सुन्तलामा लाग्ने रोग, किराका बारेमा जानकारी दिन स्थलगत रूपमा अभ्यासमूलक तालिम सञ्चालनसँगै आवश्यक उपकरण हस्तान्तरण गरी प्रोत्साहन गर्दै आएको सो कार्यालयले जनाएको छ।

# उम्मेदवारलाई मतदाताको आग्रह: देशमै बस्ने वातावरण बनाइदिनुस्

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ



बेरोजगारी, भ्रष्टाचार र अराजकताका कारण गाउँ, सहर युवाविहीन हुँदै गएको भन्दै मतदाताले चिन्ता व्यक्त गरेका छन्। पोखरा-२२, पुम्दीभुम्दीमा मत माग्न पुगेका नेकपा कास्की ३ का उम्मेदवारसँग स्थानीयले युवालाई देशमै बस्ने वातावरण बनाउने अबको नेतृत्वले पहल गर्नुपर्नेमा जोड दिए।

कास्की क्षेत्र नम्बर ३ का नेकपाका उम्मेदवार गोपाल गिरीसँग उनीहरुले पुराना दलहरुको मनोमानी र जोरजबर्जस्तीले जेनजी आन्दोलन भएको जनाउँदै अबको यात्राको नेतृत्व गर्नसक्नेलाई छान्ने बताएका थिए। उम्मेदवार गिरीले देशमा बस्ने वातावरण निर्माण गर्ने प्रतिबद्धता जनाउँदै भने, 'सुशासन र विकासको माध्यमबाट युवालाई नेपालमै बस्ने वातावरण मिलाउँछौं।' मतदाताले विजयी भएपछि फेरि अर्को चुनावमा आउने प्रवृत्ति बदल्न आग्रहसमेत गरेका थिए।

पोखरा-२२ खाल्सेमाका स्थानीयले गाउँमा बाँदर आतंकले बालीनाली लगाउने अवस्था नरहेको सुनाए। उम्मेदवार गिरीले बाँदर नियन्त्रण लागि पनि आफूसँग योजना रहेको भन्दै सो योजना कार्यान्वयनका लागि पहलकदमी लिने वाचा गरे। बुधबारै कास्की क्षेत्र नम्बर १ मा नेकपामा उम्मेदवार राजकाजी गुरुङले घरदैलो र भेटघाट जारी राखे। नेकपाले पोखरा-२६ मा सम्पर्क कार्यालय स्थापना गर्ने गरेको छ भने घरदैलो र भेटघाटलाई पनि निरन्तरता दिइरहेको चुनावी कमान्डर सोमती गुरुङले जानकारी दिईन्। कास्की २ का उम्मेदवार किरण थापा (आमोद) बुधबार पनि घरदैलो कार्यक्रममा व्यस्त भए। पोखरा-२०, भलामको ठकुरी टोल, भलाम एरिया, डाँडागाउँ, भण्डारीथर हुँदै वडा कार्यालयसम्मको क्षेत्रमा घरदैलोमा उनले स्थानीयका सुझावसमेत संकलन गरेका छन्। जनताको सुझाव अनुसार नै विकासको खाका बनाउने योजना अन्तर्गत सुझाव संकलन गरेको सो क्षेत्रका चुनावी कमान्डर खड्क हमालले जानकारी दिए। सो अवसरमा स्थानीयले महानगरमा भए पनि पोखरा-२० विकासको मामलामा बत्तिमुनिको अँधेरोमा परेको गुनासो गरे। मूलबाटो पिच भएको तर घर जानेबाटोचाहिं जोखिमपूर्ण रहेको भन्दै लक्ष्मी सुनारले भनिन्, 'कतिबेला दुर्घटना हुने हो भन्ने पीर हुन्छ। हामी त पोखरामा भएर पनि विकासमा पछि परेको कर्णालीजस्तो भयौं।"

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : शारीरिक झमेला | मकर | : आर्थिक समस्या |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पोखरा २४ कास्कीकोटमा काँग्रेसको चुनाव प्रचारप्रसार कार्यालय उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ



नेपाली काँग्रेस क्षेत्र नं. ३ कास्कीले आफ्नो क्षेत्र भित्र पर्ने पोखरा महानगरपालिकाका विभिन्न वडा, माछापुच्छे गाउँपालिका र अन्नपुर्ण गाउँपालिकामा प्रचार प्रसार कार्यालय उद्घाटन एवम् उम्मेद्वार सहितको घरदैलो कार्यक्रमलाई तिव्रता दिएको छ । आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी घरदैलो कार्यक्रमलाई तिव्रता दिएको हो ।

सोही अन्तर्गत पोखरा महानगरपालिका वडा नं २४ कास्कीकोटमा नेपाली काँग्रेसको चुनावप्रचारप्रसार समितिको सम्पर्क कार्यालय उद्घाटन सहित घरदैलो कार्यक्रम गरिएको छ ।

कार्यलयको नेपाली काँग्रेसका केन्द्रिय सदस्य कृष्ण केसी, पुर्व सांसद शारदा पौडेल, कास्की काँग्रेसका उपसभापति एवम कास्की क्षेत्र नंम्बर ३ का निर्वाचन परिचालन समितिका संयोजक युवराज कुँवार र उम्मेदवार मनोज गुरुङले संयुक्त रुपमा उद्घाटन गर्नुभयो। कार्यक्रममा बोल्दै नेपाली काँग्रेसका केन्द्रिय सदस्य कृष्ण केसीलो विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा बद्लिएर आएको नेपाली काँग्रेसले अब देश र जनताका अवस्थालाई नै बदल्ने संकल्पका साथ निर्वाचनमा होमिएको बताँउनु भयो । कास्की क्षेत्र नं.३ ले प्रत्यक्ष तर्फ मनोज गुरुङ र समानुपातिक तर्फ आइ बहादुर गुरुङ जस्ता इमानदार र सादगी नेता उम्मेद्वार पाएको बताउदै क्षेत्र नम्बर ३ का जनताले जिताएरै छाड्ने विश्वास ब्यक्त गर्नु भयो । कार्यक्रममा विगत ३५ वर्ष देखि कम्यूनिष्ट पार्टीमा लागेका समाजसेवी चक्रपाणि त्रिपाठी सहित टिकाराम भट्टराई, नवयुवा विजय अधिकारी, इन्दिरा त्रिपाठी लगाएत दर्जन वढी व्यक्ति नेपाली काँगेसमा प्रवेश गरेका छन्

पार्टी प्रवेश गरेका समाजसेवी चक्रपाणि त्रिपाठीले पटक पटक कम्यूनिष्ट पार्टीहरुले आफु र आफु जस्ता इमानदार कार्यकर्तालाई झुठा अस्वासन बाडेर देशलाई नै कंगाल बनाउन लागेको आरोप लगाउनु भयो । आफू लहड र भावनामा नभइ निकै सुजबुझ ढङ्गले नेपाली काँग्रेसमा प्रवेश गरेको बताउनुभयो ।

जेनजी युवा एलिसा अधिकारीले अहिलेको परिवेशमा भाषण गर्ने नभइ जनताको भावना बुझ्ने र काम गर्ने नेता चाहिएको भन्दै त्यो नेता क्षेत्र नं. ३ मा मनोज गुरुङ र आइ बहादुर गुरुङ भएको बताउनु भयो । अनुभवी नेतृत्व विना देश अगाडी बढ्न नसक्ने बताउदै देशलाई निकास दिन गगन थापा भावी प्रधानमन्त्रीको रुपमा अगि बढि सकेको बताउनुभयो ।

नेपाली काँग्रेस कास्कीका उपसभापति एवम कास्की क्षेत्र नंम्बर ३ का निर्वाचन परिचालन समितिका संयोजक युवराज कुँवारले काँग्रेस देशको पार्टी मात्र नभइ देशको शक्ति भएको बताउदै देश बदल्ने अठोटका साथ बदलिएर आएको काँग्रेसलाई सबै क्षेत्रमा जिताएर नेपाली काँग्रेसको सरकार बनाउन जनता आतुर रहेको बताउनुभयो । नेपाली काँग्रेस कास्की निर्वाचन क्षेत्र नं ३ का उम्मेदवार मनोज गुरुङले राजनिति आफ्नो लागि सेवा भएको बताउदै व्यक्तिगत इच्छा त्यागेर जनताले देखेको सपनालाई आफुले बोकेर पुरा गर्ने अठोटका साथ लाग्ने प्रतिवद्धताका साथ हिडेको जनाउनुभयो । आफ्नो क्षेत्रमा डुल्दा घरघरमा आशा र सम्भावना बोकेका युवा काँग्रेसमा आकर्षित भएको बताउदै युवालाई देशमै बस्ने वातावरण बनाउन इमानदारीका साथ लाग्ने बताउनु भयो । कार्यक्रममा नेपाली काँग्रेसका पुर्व केन्द्रिय सदस्य एवम पुर्व सांसद शारदा पौडेल, अग्रज नेता दुर्गा तिमिल्सीना, नवयुवा विवेक तिमिल्सीना लगायतले बदलीएको काँग्रेसले देशलाई बदल्ने जिकिर गर्दै नेपाली काँग्रेसलाई बिजयी गराउनुपर्ने धारणा राख्नुभयो ।

नेपाली काँग्रेस पोखरा २४ इकाइ सभापति प्रताप बहादुर कार्कीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत उपसभापति हरिदत्त तिमिल्सीना र संचालन इकाइ सचिव चन्द्रेश्वर वस्ताकोटीले गर्नु भएको थियो ।

# रश्मिको उम्मेदवारी समृद्धिको महत्वपूर्ण छलाङ - पोखरा ९ का मतदाता

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ



पोखरा महानगरपालिका वडा न ९ का मतदाताले रश्मि आचार्यको उम्मेदवारी नेपाली राजनीतिमा महत्वपूर्ण छलाङ भएको प्रतिक्रिया दिएका छून ।

उनीहरुले राष्ट्रको बिकास र नीति निर्माणमा प्रभाबकारी अगुवाई गर्न सक्ने मात्रै नभएर समग्र देशलाई मार्ग निर्देश गर्न सक्ने क्षमता र नेतृत्व सहितको उम्मेदवार प्राप्त गरेको भन्दै खुशी ब्यक्त गरेका छून । आशन्न प्रतिनिधि सभा निर्वाचनमा कास्की क्षेत्र न २ बाट ने क पा ( एमाले ) का उम्मेदवार रश्मि आचार्यले सो क्षेत्रको पोखरा महानगर पालिका वडा न ९का जनतासंग पुगेर आगामी कामका सम्बन्धमा सुझाव लिने क्रममा सो प्रतिक्रिया दिएका हुन। देशलाई हाक्ने संभावना बोकेको युबा उम्मेदवार आचार्य भएको भन्दै आफुहरूको रोजाइ मा रहने उल्लेख गरे । सो क्रममा स्थानीय मतदाताहरूले उक्त वडामा आबश्यक कामका सन्दर्भमा उम्मेदवार आचार्यलाई सुझाव प्रदान गरेका छन । सो अबशरमा उम्मेदवार आचार्यले देशमा निति निर्माणका सबाल र जनताका समस्या संग प्रत्यक्ष अप्रत्यक्ष सरोकार राख्ने बिषय सधैं साथमा रहेको उल्लेख गरे । आम श्रमजीवी जनताको पक्षमा अनवरत वकालत र सुदृढीकरणमा बाल्यकाल देखि लागेको स्मरण गर्दै उनले जनमुखी बिकास र समृद्धि मात्रै आफ्नो स्वार्थ भएको उल्लेख गरे । बुधबार पोखरा महानगर वडा न १६,८ र ९ का निर्बाचन परिचालन कमिटीका कार्यालयहरू समेत शुरूवात गरिएको छ ।

# कान्तिपुर डेन्टल २७ औँ वर्षमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ




पोखरको न्युरोडमा रहेको कान्तिपुर इन्स्टिच्युट अफ हेल्थ साइन्सेस एण्ड डेन्टल अस्पताल २७ औँ बर्षमा प्रवेश गरेको छ । अस्पताल स्थापनाको २६ बर्ष पुरा भएर २७ औँ बर्षमा प्रवेश गरेको हो ।

स्थापनाको अवसर पारेर अस्पताले बुधवार एक कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा बौल्दै अस्पतालका प्रमुख डा.बुद्धिमान श्रेष्ठले स्थापना कालदेखि नै गुणस्तरीय दन्त उपचार र बिरामीको विश्वासलाई केन्द्रमा राख्दै सेवा दिँदै आइरहेको बताए । उनले आगामी दिनमा आधुनिक प्रविधि, दक्ष जनशक्ति र पहुँचयोग्य सेवामार्फत अझ प्रभावकारी दन्त स्वास्थ्य सेवा प्रदान गर्न प्रतिबद्ध रहेको उल्लेख गरे । यसै क्रममा उनले संस्था स्थापनाको इतिहास माथि प्रकास पारेका थिए । अस्पतालका सिइओ प्रतिकमान श्रेष्ठले सानो किल्निकबाट शुरु भएको अस्पताल अहिले यस क्षेत्रकै उतकृष्ट दन्त अस्पतालको रुपमा विकास भएको उल्लेख गरे । उनले अस्पतालले बिभिन्न जिल्लामा पुगेर निशुल्क दन्त परिक्षण लगाएतका शिविर आयोजना गरिएको र आगामि दिनमा पनि तेस्ता कार्यक्रमलाई निरन्तरता दिदै जाने बताए । प्रचार्य श्रेया थापाले कान्तिपुर इन्स्टिच्युट अफ हेल्थ साइन्सेसमा ४ वटा स्वास्थ क्षेत्रका बिधामा पढाईहुने गरेको बताइन् । कार्यक्रममा हस्पिटलका निर्देशक दृष्टी गुरुङ,इन्चार्ज प्रमिला पौडेल,डा.अनुपा वाग्ले लगाएतले बोलेका थिए । कार्यक्रममा हस्पिटलले कर्मचारीलाई प्रोत्साहन स्वरुप सम्मान गरेको थियो भने माघ ११ गते देखि १५ गते सम्म आयोजना भएको स्पोट मिटको पुरेस्कार पनि बितरण गरिएको थियो । कान्तिपुर इन्स्टिच्युट अफ हेल्थ साइन्सेस एण्ड डेन्टल अस्पतालमा हाल सिटिइभिटिबाट सम्बधन प्राप्त गरि डिप्लोमा तहका ४ वटा फ्याकल्टी सञ्चालनमा रहेका छन् ।

# नवौं राईजिङ स्टार खुल्ला वडास्तरीय भलिवल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ



युवाका लागि खेलकुद,स्वास्थ्यका लागि खेलकुद नेपालको राष्ट्रिय खेल भलिबल भन्ने मूल नाराका साथ नवौं राईजिङ्ग स्टार खुल्ला वडास्तरीय भलिवल बुधवारदेखि सुरु भएको छ ।

पोखरा महानगरपालिका वडा नं २७ रिठेपानी स्थित राईजिङ्ग स्टार युथ क्लबले पोखरालाई खेलकुदमार्फत आन्तरिक पर्यटनको प्रवर्द्धन गर्न र भलिवल खेलको विकास गर्ने हेतुले माघ २१ गते देखि २४ गतेसम्म आयोजना गरेको नवौं वडा स्तरीय भलिबल प्रतियोगिता भण्डारी टोल स्थित भलिवल कोर्टमा सुरु भएको हो । क्लवका अध्यक्ष तिलबहादुर गुरुङ अनिलको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा क्लबका आजीवन संरक्षक पोखरा महानगरापालिका वडा नम्वर २७ का वडा अध्यक्ष पुर्णकुमार गुरुङले व्यानरमा हस्ताक्षर गर्नुका साथै रेफ्री बुद्विसिंहलाई बल हस्तान्तरण गरेर खेलाडीले अनुशासित हुनुका साथै खेललाई सौहाद्रपूर्ण वातावरणमा सञ्चालन गर्न सहयोग गर्नु महत्वपूर्ण रहेको बताएका थिए । उनले खेल सम्पन्न गर्नका लागि वडाबाट तीन लाख रकम छुट्टयाएको बताउँदै शुभकामना व्यक्त गरे । क्लवको बार्षिक कार्यक्रम अन्तरगत सञ्चालित प्रतियोगितामा वोल्दै पूर्व अध्यक्ष विष्णुप्रसाद गुरुङले स्थापना काल देखि शिक्षा, स्वास्थ्य तथा वातावरण यूवा तथा खेलकुद महिला तथा बालबालिका क्षेत्रमा कार्य गर्दै आएको क्लवले यूवा लक्षित लागु औषध सचेतना कार्यक्रमको साथै खेलकुदको क्षेत्रमा फुटबल, ब्याटमिन्टन, खेलहरु पनि हरेक वर्ष गर्दै आएको वताएका थिए। राईजिङ्ग स्टार युथ क्लब र लिटल फ्लावर एजुकेशनल सेकेण्डरी स्कुल विच मैत्रीपूर्ण उद्घाटन खेल सञ्चालन भएकोमा आयोजकले पहिलो खेल २५/२२ र दोस्रो खेल २५/२२को सेटमा जितेको थियो।प्रतियोगितात्मक खेलहरुभने विहिवार विहानदेखि सञ्चालन हुने भएका छन् । प्रतियोगिता संयोजक ईश्वर खत्रीले प्रतियोगितामा १५ टिमको सहभागिता रहेको वताए ।

खेलको बिजयी समूहले एक लाख ११ हजार एक सय ११, उप विजेता समूहले ५५ हजार पाँच सय ५५ र तृतीय हुने दुई समूहलाई १०/१० हजार प्रदान गरिने छ भने अन्य उत्कृष्ट खेलाडीलाई विधा अनुसारको पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । चार दिनसम्म चल्ने प्रतियोगितामा करीव आठ लाख खर्च लाग्ने र प्रायोजक ,सह प्रयोजक र सहयोगी संघ सस्थाबाट करीव १० लाख आम्दानी गर्ने लक्ष्य राखिएको छ भने खेलबाट बचत भएको रकमलाई खेलकुदकै क्षेत्रमा खर्च गरिने क्लवको उदेस्य रहेको वताइएको छ । कार्यक्रम पूर्व अध्यक्ष विष्णुप्रसाद गुरुङले सञ्चालन गरेका थिए ।

# मुस्ताङको साङ्ता मतदानस्थल सार्न प्रस्ताव

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ माघ

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ अन्तर्गत पर्ने साङ्ता मतदानस्थल सार्न प्रस्ताव गरिएको छ ।

यहाँको स्थानीय तहको वडा कार्यालयले हिमपात र अत्यधिक चिसोको समस्या दर्शाउँदै उक्त स्थानको मतदानस्थल सार्न प्रस्ताव गरेको हो । जोमसोमदेखि उत्तर/पश्चिमतर्फ मुस्ताङ-डोल्पा सडकअन्तर्गत सिमानामा पर्ने यहाँको साङ्ता गाउँ मुस्ताङकै सबैभन्दा कान्छो गाउँगाउँ हो । विसं २०२२ मा पत्ता लागेको साङ्ता गाउँमा १३ घरधुरीको बसोबास रहेको छ । विसं २०७९ को सङ्घीय तथा प्रादेशिक निर्वाचनमा यहाँ ३४ मतदाता सङ्ख्या थियो । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा यहाँको साङ्ता गाउँमा पछिल्लो मतदाता नामावली अद्यावधिक हुँदा ३९ मतदाता कायम भएको छ । हिमाली जिल्ला मुस्ताङ र डोल्पाको सिमानामा पर्ने यहाँको साङ्ता गाउँस्थित हिमाली आधार भूत विद्यालयको मतदानस्थल सार्न सम्बन्धित निकायमा पत्राचार गरिएको त्यहाँका वडासदस्य छिरिङ पाल्साङ गुरुङले जानकारी दिनुभयो ।

हिमपात र अत्यधिक चिसोका कारण गाउँमा केही याकचौँरी हेर्ने गोठालाबाहेक कोही नभएको र गाउँका सबै नागरिक हिमपात र चिसो छल्न फल्याक धाकार्जुङ, कागबेनी र जोमसोमलगायत स्थानमा आफन्तजनको घरमा बसेको वडासदस्य छिरिङ पाल्साङले उल्लेख गर्नुभयो। फागुन २१ गते हुने मतदानको दिन गाउँका नागरिक हिमपात र चिसोको जोखिम हुने भएकाले मतदानस्थल सार्न लिखित अनुरोध गरिएको बताउनुभयो। मुस्ताङको पाक्लिङदेखि मुस्ताङ र डोल्पाको सिमानामा सडकको ट्र्याक खोलिएको भए पनि साङ्ता गाउँबाट याकखर्कसम्मको सडक चुनौतिपूर्ण र कष्टकर छ । समुन्द्री सतहको चार हजार ५०० मिटर माथिको उचाइबाट सडक विस्तार भएको साङ्ता गाउँ जाने मुस्ताङ-डोल्पा सडक एक महिनाअघिदेखि हिमपातले अवरुद्ध अवस्थामा छ । त्यहाँस्थित साङ्ता गाउँका नागरिक हिमपात र अत्यधिक चिसोका कारण जोमसोम आसपासका क्षेत्रमा झरेकाहरू गर्मीयाम सुरु भएपछि चैत/वैशाखमा मात्रै गाउँ फर्किने योजनामा छन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १६, जोगमणी टोल नाला निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः जोगमणी टोल नाला निर्माण
ठेगानाः पोखरा-१६, तल्लो दिप
आम्दानीः रु.५,००,०००।-
जनसहभागिताः रु.५६,०००।-
जम्माः रु.५,५६,०००।-
छड सिमेन्टः रु.२,२८,५६२।-
बालुवा, ढुङ्गा गिट्टीः रु.१,४२,७००।-
ज्यामी ज्यालाः रु.१,६६,७५०।-
प्लाई अन्यः रु.२०,०००।-
खर्च जम्माः रु.५,५८,३१२।-
उपभोक्ता समिति अध्यक्षः जगत प्रसाद सुवेदी
सचिवः बुद्धिबल थापा
सम्पर्क नं.: ९८४६०२२७५८

**जोगमणी टोल नाला निर्माण उपभोक्ता समिति**
**पोखरा-१६, तल्लो दिप**


# रास्वपाद्धारा कास्की-२ को वडा २० मा सम्पर्क कार्यलय स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ



आगामि फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनलाई लक्षित गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कास्की निर्वाचन क्षेत्र नम्बर २ अन्तरगत पोखरा महानगरपालिका वडा नम्बर २० भलाम रयालेचौरमा सम्प्रर्क कार्यलय स्थापना गरिएको छ ।

बुधबार एक कार्यक्रमको आयोजना गरि वडा २० मा सम्प्रर्क कार्यलय स्थापना गरिएको रास्वपा कास्की क्षेत्र नम्बर २ को सचिवालयले जनाएको छ । रास्वपाका नेता कार्यकर्ताको बाक्लो उपस्थितिमा उक्त कार्यलय स्थापना गरिएको हो । सम्प्रर्क कार्यलय स्थापनाको अवसरमा निर्बतमान सांम्सद शिव नेपाली,केन्दीय सदश्य मोहन जङ्ग थापा, रास्वपा नेता एबम पूर्व मन्त्री कुमार खडका, उमेदवार उत्तम पौडेल, निर्वाचन कमान्डर दिपेन्द्र पोखेल लगाएत केन्द्र, प्रदेश, जिल्ला र क्षेत्रका नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो । कार्यक्रममा उमेदवार पौडेलले कास्की क्षेत्र नम्बर २ को समग्र विकासमा जनताको सहभागिता र उत्तरदायी नेतृत्वबाट मात्र सम्भव हुने बताउँदै कास्की-२ का मतदातासँग परिवर्तनका लागि साथ दिन आग्रह गरेका छन् । यसै बिच उम्मेदवार पौडेलले निरन्तर क्षेत्र नम्बर २ का जनता सगँ छलफल, अन्तरक्रिया र सुझाव संकलन गरिरहेका छन् ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Uli 4160000682 | बासुदेब शर्मा | पोखरा-१२, कास्की |
| २ | Uli 4000002526 | बिजय सुवेदी | पोखरा-८, कास्की |
| ३ | Uli 4120000200 | जुनु थापा मगर पुन | गल्कोट-६, बाग्लुङ |